राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२





977-082563973/560119

Ghorahi-15, Dang,

www.rahs.np

# मन्तव्य

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै गर्दा उक्त आ.व. का प्रतिष्ठानका क्रियाकलापहरू र प्रतिष्ठानले हासिल गरेका उपलब्धिहरू यहाँ समेटेका छौं। स्वास्थ्य सेवा, चिकित्सा शिक्षा तथा अनुसन्धानका क्षेत्रमा प्रतिष्ठानले प्रदेश र राष्ट्रकै आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले निरन्तर अग्रसरता देखाउँदै आएको छ ।

यस आर्थिक वर्षमा प्रतिष्ठानले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, विशेषज्ञ सेवा विस्तार, पूर्वाधार सुदृढीकरण तथा जनशक्ति विकासमा उल्लेखनीय प्रगति गरेको छ । अस्पताल सेवातर्फ बिरामीको बढ्दो चापलाई व्यवस्थित गर्दै आपतकालीन सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, शल्यक्रिया सेवा तथा विशिष्ट परामर्श सेवामा सुधार ल्याइएको छ। आधुनिक उपकरणको व्यवस्थापन, सेवा प्रवाहमा प्रविधिको प्रयोग तथा बिरामीमैत्री वातावरण निर्माणमा विशेष ध्यान दिइएको छ।

शैक्षिक कार्यक्रमतर्फ स्नातक तथा स्नातकोत्तर तहका कार्यक्रमहरूको प्रभावकारी सञ्चालन, शैक्षिक क्यालेन्डरको पालना, गुणस्तर सुनिश्चितता तथा अनुसन्धान संस्कृतिको विकासमा जोड दिइएको छ। चिकित्सा शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम नभई सामाजिक उत्तरदायित्व वहन गर्ने साधन हो भन्ने मान्यतालाई आत्मसात गर्दै दक्ष, सक्षम र सेवाभावी स्वास्थ्य जनशक्ति उत्पादनतर्फ प्रतिष्ठान प्रतिबद्ध रहेको छ।

यस वर्ष संघीय, प्रादेशिक तथा स्थानीय तहका निकायहरूसँग सहकार्य गर्दै स्वास्थ्य सेवा विस्तार, जनचेतनामूलक कार्यक्रम तथा विपद् व्यवस्थापनमा सक्रिय सहभागिता जनाइएको छ। सीमित स्रोत र साधनका बाबजुद कर्मचारी, प्राध्यापक, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको समर्पण र प्रतिबद्धताले प्रतिष्ठानलाई निरन्तर अगाडि बढाएको छ।

हामी अझै पनि पूर्वाधार विस्तार, जनशक्ति व्यवस्थापन, आर्थिक स्रोत सुदृढीकरण तथा सेवाको दिगोपन सुनिश्चित गर्ने चुनौतीहरू सामना गरिरहेका छौं। तथापि, पारदर्शिता, उत्तरदायित्व र सुशासनका सिद्धान्तलाई आत्मसात गर्दै आगामी दिनमा अझ प्रभावकारी, प्रविधिमैत्री र गुणस्तरीय सेवा प्रदान गर्ने दिशामा अग्रसर रहने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, प्रतिष्ठानको प्रगति यात्रामा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, विभिन्न साझेदार संस्था, स्वास्थ्यकर्मी, कर्मचारी, विद्यार्थी तथा सम्पूर्ण सेवाग्राहीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यहाँहरूको अमूल्य साथ, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

प्रा. श्याम लम्साल

नि. उपकुलपति तथा रजिष्ट्रार

# विषय सूचि


१. प्रतिष्ठानको परिचय ........ ४

२. प्रतिष्ठानको लक्ष्य तथा उद्देश्यहरू........ ५

३. प्रतिष्ठानको सेवा पुगेको भौगोलिक क्षेत्रहरु........ ६

४. शैक्षिक गतिविधिहरू........ ६

५. अस्पताल सेवाहरू ........ ७

७. मानव संसाधन विकास........ १३

८. वित्तीय प्रगति........ १३

९. भौतिक पूर्वाधार र सुविधा ........ १४

१०. वार्षिक प्रशासनिक गतिविधिहरु ........ १६

१२. चालु आर्थिक वर्षको प्रमुख उपलब्धीहरू........ १८

## १. प्रतिष्ठानको परिचय



राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS) नेपालको लुम्बिनी प्रदेश अन्तर्गत दाङको घोराहीमा अवस्थित रहेको छ । यो प्रतिष्ठान २०७४ सालमा संसदले पारित गरेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मार्फत स्थापित भएको एउटा स्वायत्त स्वास्थ्य संस्था हो । यसले स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय शिक्षा, अनुसन्धान र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।प्रतिष्ठानले School of Medicine र School of Nursing अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानमा School of Nursing अन्तर्गत BSC Nursing, Bachelor of Nursing Science (BNS) र Master of Nursing (MN) कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । School of Medicine अन्तर्गत स्नातक तहको MBBS, र स्नातकोत्तर तहको MD/MS कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । राप्ती उप-क्षेत्रीय अस्पताललाई प्रतिष्ठानमा गाभिएपछि यसले बिरामीहरूलाई बहिरंग सेवा (OPD), अन्तरंग सेवा (IPD), आपतकालीन सेवा, शल्यक्रिया, डायलासिस, रेडियोलोजी तथा प्रयोगशाला सेवा लगायतका विभिन्न स्वास्थ्य सेवाहरू प्रदान गर्दै आएको छ ।

स्वास्थ्य विज्ञानको क्षेत्रमा आवश्यक पर्ने दक्ष चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्ताहरू उत्पादन गर्नुका साथै यसले देशको स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्न मद्दत गरेको छ । विशेषगरी, लुम्बिनी प्रदेशका दुर्गम क्षेत्रका जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै यसले स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने नेपाल सरकारको नीतिलाई सहयोग पुऱ्याइरहेको छ । नेपालका हरेक प्रदेशमा एउटा सरकारी मेडिकल कलेज/प्रतिष्ठान स्थापना गर्ने सरकारको निर्णय अनुसार लुम्बिनी प्रदेशमा स्वास्थ्य शिक्षा र सेवाको विकासका लागि यो प्रतिष्ठानले योगदान पुऱ्याइरहेको छ । यस प्रतिष्ठानले स्वास्थ्य विज्ञानका विभिन्न क्षेत्रमा उच्चस्तरीय अनुसन्धान कार्यहरू सञ्चालन गरी नयाँ ज्ञान र प्रविधिको विकास गरिरहेको छ

। भविष्यमा यस प्रतिष्ठानले गुणस्तरीय स्वास्थ्य सेवा र शैक्षिक पूर्वाधारमा अभिवृद्धि गरी यस क्षेत्रलाई चिकित्सा पर्यटनको हवका रुपमा विकास गर्ने लक्ष्य राखेको छ ।

## २. प्रतिष्ठानको लक्ष्य तथा उद्देश्यहरू

### २.१. दुरदृष्टी (Vision)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा शिक्षा, अनुसन्धान र स्वास्थ्य सेवाको क्षेत्रमा नेतृत्वदायी भूमिकामा रहदै खोज, अनुसन्धान, स्वास्थ्य र जीवन प्रतिको गहनतालाई स्वास्थ्य सेवा र अनुसन्धानमा रूपान्तरणकारी योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा परिचित भएको हुनेछ ।

### २.२. ध्येय (Mission)

- उत्कृष्ट चिकित्सकीय सेवा, महत्वपूर्ण अनुसन्धान, समृद्ध चिकित्सा तथा वायोमेडिकल शिक्षाको माध्यमबाट विरामीमैत्री सेवा उपलब्ध गराउनु ।
- सबैको स्वास्थ्य र कल्याण गर्नका लागि उत्कृष्ट तथा अग्रणी चिकित्सक, अध्ययता र प्रविधियुक्त नवप्रर्वतक व्यक्ति बन्न प्रेरित गर्नु ।

### २.३. लक्ष्यहरू (Goal)

- चिकित्सा विज्ञान, स्वास्थ्य सेवा तथा बायोमेडिकल शिक्षामा उत्कृष्टता हासिल गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहलाई रूपान्तरण गर्दै उत्कृष्ट, नवीन, बिरामी-केन्द्रित सेवा प्रदान गर्ने ।
- दिगो तथा आत्मनिर्भर पूर्वाधार निर्माण गर्ने ।

### २.४. उद्देश्यहरु (Objectives)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको संसदबाट पारित ऐनद्वारा स्थापित एक स्वास्थ्य विज्ञान प्रतिष्ठान हो । यसको प्रमुख उद्देश्यहरू निम्नानुसार छन् :

- स्वास्थ्य विज्ञान क्षेत्रमा गुणस्तरीय शिक्षा मार्फत योग्य जनशक्ति उत्पादन गर्नु ।
- नेपाली जनतालाई उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य विज्ञान सम्बन्धी अनुसन्धान कार्यहरू सञ्चालन गर्नु ।
- देशका विभिन्न भागहरूमा विशिष्ट स्वास्थ्य सेवा र अनुसन्धान विस्तार गर्नु ।

## ३. प्रतिष्ठानको सेवा पुगेको भौगोलिक क्षेत्रहरु

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपालको लुम्बिनी प्रदेशका ४ जिल्लाहरु र कर्णाली प्रदेशका २ जिल्लाहरुका नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको छ ।




## ४. शैक्षिक गतिविधिहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल Bachelor of Science in Nursing(BSc Nursing), Bachelor of Nursing Science (BNS), Doctor of Medicine and Master of Surgery ((MD/MS), Master of Nursing (MN), Bachelor of Medicine and Bachelor of Surgery (MBBS) का विषयहरुमा अध्यापन भइरहेको छ । प्रतिष्ठानले आगामी दिनमा चिकित्सा क्षेत्रका थप शैक्षिक कार्यक्रमहरु सञ्चालनका लागि पहल गरिरहेको छ ।



Students at School of Nursing

**तालिका नं. १ : Schools of Nursing and Medicine मा अध्ययनरत विद्यार्थीहरुको विवरण**

| SN | Faculty | Admission year | Batch | Female | Male | Total |
|---|---|---|---|---|---|---|
| 1 | Bachelor of Science in Nursing (BSc Nursing) | 2023 | First | 20 | 0 | 20 |
| 2 | Bachelor of Science in Nursing (BSc Nursing) | 2024 | Second | 19 | 1 | 20 |
| 3 | Bachelor of Nursing Science (BNS) | 2023 | First | 16 | 0 | 16 |
| 4 | Bachelor of Nursing Science (BNS) | 2024 | Second | 14 | 0 | 14 |
| 5 | Bachelor of Science in Nursing (BSc Nursing) | 2025 | Third | 29 | 1 | 30 |
| 6 | Bachelor of Nursing Science (BNS) | 2025 | Third | 16 | 0 | 16 |
| 7 | Master of Nursing (MN) | 2025 | First | 2 | 0 | 2 |
| 8 | Doctor of Medicine and Master of Surgery ((MD/MS) | 2024 | First | 0 | 4 | 4 |
| 9 | MBBS | 2025 | First | 18 | 32 | 50 |
| 10 | Doctor of Medicine and Master of Surgery (MD/MS) | 2025 | Second | 2 | 5 | 7 |
| | **Total** | | | **136** | **43** | **179** |

(MD/MS) अन्तर्गत MS General Surgery, MS Orthopedics, MD Obstetrics and Gynecology, MD Internal Medicine, MD in General Practice and Emergency Medicine, MD Pediatrics, MD Community Medicine/MN अन्तर्गत Community Health Nursing and Medical Surgical Nursing विधाको अध्ययन हुने गरेको छ ।

## ५. अस्पताल सेवाहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपाल सरकारका लक्षित कार्यक्रमहरु अन्तरगत कुपोषण व्यवस्थापन, सुरक्षित मातृत्व, एकद्धार संकट व्यवस्थापन केन्द्र, ए.आर.टी. सामाजिक सुरक्षा एकाई, जेष्ठनागरिक तथा स्वास्थ्य विमा लगायतका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा लक्षित कार्यक्रममार्फत प्रवाह गरेको स्वास्थ्य सेवाको विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: आ.व. २०८१/०८२ मा सञ्चालित नेपाल सरकारका लक्षित कार्यक्रमका लाभग्राहीहरू**

| SN | Vertical Programs | Male | Female | Total |
|---|---|---|---|---|
| 1 | Social Security Unit (SSU) | 327 | 445 | 772 |
| 2 | Psychosocial counseling through OCMC | 1 | 289 | 290 |
| 3 | Safe Motherhood and Neonatal | 0 | 3798 | 3798 |
| 4 | Hemodialysis | 53 | 32 | 85 |
| 5 | Antiretroviral Therapy Center (ART) | 137 | 142 | 279 |
| 6 | Nutritional Rehabilitation | 67 | 68 | 135 |
| 7 | Directly Observed Treatment, Short-course (DOTs) | 114 | 97 | 211 |
| 8 | Sickle Cell Disease | 417 | 518 | 935 |
| 9 | Geriatric Service | 327 | 445 | 772 |
| | **Total** | **1443** | **5834** | **7277** |

प्रतिष्ठानको अस्पताल सेवामा हाल बहिरंग सेवा अन्तरगत आपतकालिन विभाग, दन्त विभाग, छाला विभाग, आँखा विभाग, नाँक, कान, घाँटी विभाग, स्त्रि तथा प्रसुति विभाग, हाडजोर्नी तथा नशारोग विभाग, मनोपरामर्श विभाग, बालरोग विभाग, फिजियोथेरापी, युरोसर्जरी, न्युरोसर्जरी, डायलासिस, जनरल सर्जरी सेवाहरु सञ्चालमा रहेका छन् । प्रतिष्ठान अन्तर्गतका विभिन्न विभाग मार्फत स्वास्थ्य सेवा लिएका विरामीहरुको विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ : राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पतालबाट बहिरंग सेवा लिनेहरुको विवरण**

| SN | Departments | Adult | | | Child | | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Total | Female | Male | Total | |
| 1 | **Group A** (Anaesthesiology, Dentistry, ENT, General Surgery, Neurosurgery, Orthopaedics, Physiotherapy, Urology) | 28680 | 20714 | 49394 | 2949 | 4866 | 7815 | 57209 |
| 2 | **Group B** (Dermatology, Dialysis, Isolation Ward, Medicine, Paediatrics, Psychiatry) | 33757 | 23541 | 57298 | 6142 | 7723 | 13865 | 71163 |
| 3 | **Group C** (General Practice & Emergency Medicine, Obstetrics & Gyanecology, OCMC, Ophthalmology, Radiology, Sansthagat Clinic, Other Departments, Other Patients) | 51104 | 16526 | 67630 | 3353 | 4745 | 8098 | 75728 |
| | **Total** | **113541** | **60781** | **174322** | **12444** | **17334** | **29778** | **204100** |





प्रतिष्ठानको अस्पताल सेवामा हाल अन्तरंग सेवा अन्तरगत स्त्री तथा प्रसुति, हाडजोर्नी, एनेक्स वार्ड (नाक, कान घाँटी, अप्थाल्मोलोजी, छालारोग, दन्तरोग) सघन उपचार कक्ष, क्याविन सेवा, बालरोग, पोषण सुधार, जनरल मेडिसिन, जेरियाट्रिक वार्ड, बालरोग, न्यूरोसर्जरी, यूरोसर्जरी, मानसिक रोग सेवा प्रदान गर्ने गर्दछ । निम्न तालिकामा यस आर्थिक वर्षमा प्रतिष्ठानले प्रदान गरेको अन्तरंग सेवाका विरामीहरुको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ः रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पतालबाट अन्तरंग सेवा लिनेहरुको विवरण**


| SN | Departments | < 5 Yrs | | 5 – 15 Yrs | | 15 –20 Yrs | | 20 – 60 Yrs | | >= 60 Yrs | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | F | M | F | M | F | M | F | M | F | M | |
| 1 | **Group A** (Orthopedics, General Surgery, Dentistry, ENT, Urology, Neurosurgery, Anesthesiology) | 29 | 52 | 255 | 113 | 127 | 66 | 794 | 830 | 281 | 273 | 2820 |
| 2 | **Group B** (Dermatology, Isolation Ward, Medicine, Psychiatry, Pediatrics) | 254 | 336 | 324 | 337 | 88 | 130 | 1074 | 804 | 770 | 999 | 5116 |
| 3 | **Group C** (OCMC, General Practice & Emergency Medicine, Obstetrics & Gynecology, Ophthalmology, Other Departments) | 19 | 21 | 22 | 36 | 27 | 505 | 4746 | 166 | 88 | 130 | 5760 |
| | **Total** | **302** | **409** | **601** | **486** | **242** | **701** | **6614** | **1800** | **1139** | **1402** | **13696** |

प्रतिष्ठान अस्पताल अन्तर्गतको प्रयोगशाला मार्फत विभिन्न रोगहरुको चेकजाँच तथा रोगको निदान हुने गरेको छ । यस आर्थिक वर्षमा प्रयोगशालाबाट प्रदान गरिएको सेवाको विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ ।


**चार्ट १ : आ.व. २०८१/०८२ मा अस्पताल ल्याव मार्फत प्रदान गरिएको सेवाको विवरण**




राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नै अस्पताल फार्मेसी सेवा समेत प्रदान गर्ने गरेको छ । हाल प्रतिष्ठानले विभिन्न प्रकारका गुणस्तरिय औषधिहरु वितरण गर्ने गरेको छ ।



चार्ट २ : अस्पताल न्यूनतम सेवा मापदण्डको विवरण





## ६.अनुसन्धान गतिविधिहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले हरेक वर्ष चिकित्सा क्षेत्रका विभिन्न विधाहरुमा अनुसन्धानमूलक शोधपत्रहरु प्रकाशन गरिरहेको छ । प्रतिष्ठानले एकल तथा विभिन्न सरोकारवालाहरुसँगको सहकार्यमा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने र प्राप्त तथ्यका आधारमा शोधपत्रहरु प्रकाशन गर्ने गर्दछ । प्रतिष्ठानले अर्धवार्षिक रुपमा विभिन्न विधामा शोधपत्रहरु तयार गरी प्रकाशन गर्ने गर्दछ ।

**तालिका नं. ५: प्रतिष्ठानको IRC RAHS ले हालसम्म स्विकृत गरेका शोधपत्रका प्रस्तावहरुको विभाग अनुसारको विवरण**

| S.N. | Department | Number of Research Proposals Approved by IRC RAHS |
|---|---|---|
| 1 | School of Medicine ***(Clinical Sciences)*** | 30 |
| 2 | School of Medicine ***(Basic/Pre-clinical Sciences)*** | 7 |
| 3 | School of Nursing | 7 |
| 4 | Students | 4 |
| | **Total** | **48** |

**चार्ट ३: प्रतिष्ठानले हालसम्म स्वीकृत गरेका शोधपत्रका प्रस्तावहरुको विवरण**




**तालिका नं. ६: प्रतिष्ठानको जर्नलमा (JRAHS) मा प्रकाशित शोधपत्रहरुको विवरण**

| S.N. | Issue | Principal Investigator from | | Total |
|---|---|---|---|---|
| | | RAHS | Outside RAHS | |
| 1 | Vol.1 No.1 (2024) | | | |
| | Editorial | 1 | – | 1 |
| | Original Articles | 7 | 4 | 11 |
| | Case Reports | 1 | 2 | 3 |
| | View Points | – | 1 | 1 |
| **Total** | | **9** | **7** | **16** |
| 2 | Vol.1 No. 2 (2024) | | | |

| | | | | |
|---|---|---|---|---|
| | Editorial | 1 | – | 1 |
| | Original Articles | 8 | 6 | 14 |
| | Case Reports | 2 | – | 2 |
| | View Points | – | – | – |
| **Total** | | **11** | **6** | **17** |

## ७. मानव संसाधन विकास

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रशासनिक, विभागिय चिकित्सक, प्राविधिक, नसिंङ विभाग, मेडिकल अफिसर, स्टाफ नर्स, प्यारामेडिक्स र ल्याव टेक्निसियन लगायतका मानव संसाधनहरु कार्यरत रहेका छन् । प्रतिष्ठानले विद्यमान जनशक्तिहरुको क्षमता विकास तथा उत्प्रेरणाका लागि विभिन्न तालिम, गोष्ठी लगायतका कार्यक्रमहरु नियमित रुपमा आयोजना गर्ने गर्दछ ।


**तालिका नं. ७: प्रतिष्ठानमा कार्यरत जनशक्तिहरुको विवरण**

| SN | Human Resource Description | Numbers of Staff |
|---|---|---|
| 1 | Executive Committee Members | **5** |
| 2 | Administrative Staff | 49 |
| 3 | Technical Staff | 7 |
| 4 | Faculty (Clinical Sciences) | 58 |
| 5 | Faculty (Basic Sciences ) | 22 |
| 6 | Faculty Nursing | 16 |
| 7 | Medical Officers | 39 |
| 8 | Nursing Staff | 210 |
| 9 | Paramedical Staff | 23 |
| 10 | Others *(Lab Staff, Radiology Staff, Ophthalmology Staff, Physiotherapy staff, ENT Assistant, Dental Hygienist)* | 45 |
| **Total** | | **474** |
| 11 | Outsourcing Staff | 159 |

## ८. वित्तीय प्रगति

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल सरकारको एक स्वायत्त संस्था हो । प्रष्ठिानलाई नेपाल सरकारको वार्षिक बजेटमार्फत पूँजिगत तथा चालु अनुदान वार्षिक रुपमा प्राप्त गर्ने गर्दछ । यसका अतिरिक्त प्रतिष्ठानले प्राज्ञिक तथा अस्पताल सेवा मार्फत आन्तरिक आम्दानी गर्ने गर्दछ । साथै प्रतिष्ठानले संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुका विभिन्न लक्षित कार्यक्रमहरुको ससर्त अनुदानहरु प्राप्त गर्ने गर्दछ ।

चार्ट ४: चालु आर्थिक वर्षमा भएको प्रतिष्ठानको वार्षिक आम्दानी




आर्थिक वर्ष २०८१/०८२ मा प्रतिष्ठानको कुल बजेट २ अर्व ४३ करोड २५ लाख १२ हजार ९ सय ७६ रुपैया रहेको थियो । जसमध्ये प्रतिष्ठानले यस आर्थिक वर्षमा कुल बजेटको ८७.४४ प्रतिशत र पुँजिगत बजेटको ८१ प्रतिशत खर्च गर्न सफल भएको छ ।

**तालिका नं. ८ : आर्थिक वर्ष २०८१/०८२ को प्रतिष्ठानको आर्थिक प्रगति विवरण**

| SN | Description | Expenditure progress |
|---|---|---|
| 1 | Expenditure on capital grant | 80.99% |
| 2 | Expenditure on total grants | 87.44% |

## ९. भौतिक पूर्वाधार र सुविधा

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रशासन, शैक्षिक कार्यक्रम, अस्पताल, अनुसन्धानका कार्यहरु सञ्चालन गर्नका लागि हाल अस्पताल भवनहरु, अध्ययन अध्यापनका लागि भवनहरु, पुस्तकालय, अनुसन्धान ल्यावहरु, प्रशासनिक तथा चिकित्सक आवास भवनहरु रहेका छन् । प्रतिष्ठानले आगामी दिनमा ४०० शैयाको थप भवन निर्माणका लागि डिपिआर समेत तयार गरिसकेको छ । अध्ययापनका लागि रझेना विद्यालयसँग सम्झौता गरी भवन भाडामा लिएको छ ।

## तालिका नं. ९ : आर्थिक वर्ष २०८१/०८२ मा थप गरिएका भौतिक संरचनाहरुको विवरण

| SN | Details of Infrastructure | Quantity | Remarks |
|---|---|---|---|
| 1 | **Light Structure** | | |
| | Basic Sciences Block | 5 | |
| 2 | **Central Labs** | | Central lab with all lab test at same building |
| 2.1 | Emergency Department | 1 | |
| 2.2 | Biochemistry Department | 1 | |
| 2.3 | Microbiology Department | 1 | |
| 2.4 | Hematology Department | 1 | |
| 2.5 | Pathology Department | | |
| 3 | **Rest Rooms** | | Rest room for faculty and students at Rajena |
| 3.1 | Female | 3 | |
| 3.2 | Male | 1 | |
| 3.3 | Urinal (Male/Female) | 2 | |
| 3.4 | Staff | 1 | |
| 4 | **Eye OPD Room Expansion** | 3 | Eye OPD along with lens shop |
| 5 | **Mortuary** | 1 | |

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले सूचना प्रविधिको प्रयोग गरी कागज विहिन कार्यालय कामलाई प्रवर्धन गरिरहेको छ । स्वास्थ्यकर्मी तथा अस्पताल प्रशासनका कर्मचारीहरुको दैनिक हाजिरी वायोमेट्रिक विधिबाट हुने गरेको छ । अस्पतालका बहिरंग सेवाको विरामी रजिष्ट्रेशन र भुक्तानी दुवैलाई अनलाई विधिबाट गर्न सकिने व्यवस्था बनाइएको छ। अन्तरंग तथा वहिरंग विभागका विरामीहरुको तथ्यांक सफ्टवेरमा प्रविष्ट गरी हरेक दिन अद्यावधिक गरिन्छ । त्यसैगरी, नेपाल सरकारका लक्षित कार्यक्रमहरु तथा विमाका तथ्यांकहरु सम्बन्धित निकायहरुको अनलाईन पोर्टलमा प्रविष्ट गर्ने गरिएको छ । प्रतिष्ठानले आगामी दिनमा Electronic Medical Record -EMR लाई उच्च प्राथमिकताका साथ प्रयोगमा ल्याउने तयारी गरिरहेको छ । यसैगरी, प्रतिष्ठानमा दाखिला भएका जिन्सी सामानहरुलाई नेपाल सरकारको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System -PAMS) मा प्रविष्ट गरिएको छ ।

## १०. वार्षिक प्रशासनिक गतिविधिहरु

### १०.१. सभा (सिनेट)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस आर्थिक वर्षमा २ वटा सभा ९क्भलबतभ० को आयोजना सफलताता पूर्वक सम्पन्न गरेको छ । प्रतिष्ठानको पाचौं सिनेट २०८१ फागुन ६ गते मंगलबारका दिन सम्माननीय प्रधानमन्त्री तथा प्रतिष्ठानका कुलपति श्री खड्गप्रसाद ओलीको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको थियो भने यसै आर्थिक वर्षमा प्रतिष्ठानको छैठौं सिनेट २०८२ असार ८ गते सम्माननीय प्रधानमन्त्री तथा प्रतिष्ठानका कुलपति श्री खड्ग प्रसाद ओलीको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको थियो ।

### १०.२. कार्यकारी परिषद

यस आर्थिक वर्षमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यकारी परिषदको बैठक १२ पटक बसी प्रतिष्ठानको नीति तथा कार्यक्रमहरुको कार्यन्वयन, प्राज्ञिक तथा अस्पताल सेवाको दैनिक प्रशासन संचालन, मानवस्रोत व्यवस्थापन जस्ता विषयहरुमा निर्णय लिएको थियो । कार्यकारी परिषदले प्राज्ञिक, अनुसन्धान तथा अस्पताल सेवा सञ्चालनमा परिषदलाई सहयोग गर्न परिक्षा समिति, पठ्यक्रम समिति, साइन्टिफिक समिति, JRAHS Editorial बोर्ड, खरिद समिति, मूल्यांकन समिति, चिकित्सा शिक्षा विभाग, गुणस्तर नियन्त्रण समिति, इन्टिच्यूस्नतल रिभ्यु कमिटीहरु गठन गरेको थियो । तत् समितिहरुले आफ्नो जिम्मेवारीका कामहरु सफलतापूर्वक सम्पन्न गरेका थिए ।

### १०.३. Faculty Development Workshop

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले २०८१ पौष ७ गतेदेखि १२ गतेसम्म Faculty Development Workshop को आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठीमा १२ महिला १९ पुरुष गरी ३१ जनाको सहभागिता रहेको थियो । कार्यशालामा प्रतिष्ठानमा अध्यापन भैरहेको विभिन्न Faculty को विकासका लागि गर्न सकिने विभिन्न गतिविधिहरुको बारेमा छलफल भएको थियो ।

## १०.४. पाठ्यक्रम विकास कार्यशाला गोष्ठी




राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले २०८१ वैशाख २५ र २६ गते काठमाण्डौमा पाठ्यक्रम विकास कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । प्रतिष्ठानमा सञ्चालन गरिरहेको MBBS, MD/MS/MN, B. Opt, Dentistry, BPH विषयहरुको पाठ्यक्रमका विषयमा विभिन्न क्षेत्रका विद्धानहरुले आफ्नो राय सुझाव दिनु भएको थियो । गोष्ठीमा ६६ पुरुष ३८ महिला गरी कुल १०४ जनाको सहभागिता रहेको थियो ।

## १०.५. सहकार्य तथा समन्वय

प्रतिष्ठानको चौतर्फी बिकासका लागि प्रतिष्ठानले विभिन्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिरहेको छ । यस आर्थिक वर्षमा होलेरी प्राथमिक स्वास्थ्य केन्द्र, रुम्टीगढी रोल्पा र नेर्पा स्वास्थ्य चौकी, त्रिवेणी, रोल्पासँग प्रतिष्ठानको स्वास्थ्य सेवा विस्तारका सम्झौता भएको छ । त्यसैगरी प्रतिष्ठानले शहिद कृष्णसेन इच्छुक प्राविधिक विद्यालय, रझेना माध्यामिक विद्यालयसँग प्राज्ञिक गतिविधि विस्तारका लागि लिखित सहकार्य गरेको छ । साथै प्रतिष्ठानले वी.पी. कोइराला, कर्णाली, मदन भण्डारी, मधेश, पोखरा र रामराजा प्रसाद सिंह विज्ञान प्रतिष्ठानहरु र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसँग Memorandum of Understanding गरेको छ ।

## ११. विशिष्ट आगन्तुकहरू तथा सहभागिता



राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यस आर्थिक वर्षमा ३ जना पूर्व प्रधानमन्त्रीहरुको आगमन भएको थियो । २०८१ माघ १२ गते सम्माननीय पूर्व प्रधानमन्त्री श्री

पुष्प कमल दाहाल प्रचण्डज्यूबाट प्रतिष्ठानको स्थलगत अवलोकन भएको थियो । त्यसैगरी, २०८१ माघ २७ गते सम्माननीय पूर्व प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूबाट प्रतिष्ठानको बेसिक साइन्स प्रयोगशाला भवनको समुद्घाटन भएको थियो । साथै, २०८१ चैत्र १३ गते सम्माननीय पूर्व प्रधानमन्त्री श्री बाबुराम भट्टराईज्यूबाट प्रतिष्ठानको अवलोकन भ्रमण गरिएको थियो । त्यसैगरी, २०८१ चैत्र १० गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री तथा प्रतिष्ठानका सह कुलपति श्री प्रदिप पौडेलज्यूबाट डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिन भवनको उद्घाटन भएको थियो ।

## १२. चालु आर्थिक वर्षको प्रमुख उपलब्धीहरू

- बेसिक साइन्स प्रयोगशाला सञ्चालन ।
- ४०० शैयाको भवनको वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न ।
- MBBS, MD/MS, / MN को शैक्षिक कार्यक्रम सञ्चालन ।
- न्यूरो तथा यूरो सर्जरीको विशिष्टकृत सेवा सञ्चालन ।
- JRAHS (Journal of Rapti Academy of Health Sciences) Editorial Board को स्थापना तथा जर्नल प्रकाशन ।
- २ वटा सभा (सिनेट) को आयोजना
- ३ जना पूर्व प्रधानमन्त्रीहरु तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री तथा प्रतिष्ठानका सह कुलपतिको अवलोकन भ्रमण
- ८१ प्रतिशत पूँजिगत खर्च
- शिक्षक तथा विद्यार्थी छात्राबास भवन निर्माणको लागि जग्गा प्राप्तीको काम सम्पन्न
- होलेरी र त्रिवेणीमा Community Outreach Center
- Oculoplasty and URO Surgery को विशिष्टिकृत सेवा सञ्चालन
- मर्चरी च्याम्बर सञ्चालन
- आँखा उपचार सेवा सञ्चालन
- दन्त उपचार सेवा विस्तार
- होलेरी र नेर्पामा विस्तारित सेवा केन्द्र स्थापना तथा सञ्चालन
- सेवा प्रवाहमा समन्वय तथा सहकार्यका लागि विभिन्न संस्थाहरुसँग MOU गरिएको

# PHOTOGRAPHS

# पदाधिकारीहरू



**Prof. Shyam Lamsal**
Acting Vice Chancellor
Chairman, Registrar



**Prof. Dr. Ramesh Kandel**
Officiating Dean
Member



**Prof. Dr. Janardan Panthi**
Officiating Director
Member

# वार्षिक प्रतिवेदन प्रकाशन समिति



प्रा.डा. कुशल भट्टराई
संयोजक



श्री चन्द्र कुमारी गर्वुजा
सदस्य



श्री सुवास पौडेल
सदस्य



श्री सालिक राम कालाथोकी
सदस्य सचिव
लेखन तथा सम्पादन




**RAHS Administration**


बिरामी भेटने समय
बिहान ५:३० देखि ७:३० बजे सम्म
बेलुका ५:३० देखि ७:३० बजे सम्म
(आउँदा मास्क अनिवार्य रुपले प्रयोग गर्नुहोला)
Orthopedic


EMERGENCY




## Annex Ward Team









**Department of School of Nursing**




**Department of NICU/PICU**






**Department of Post-Operative**




**Department of ICU**



Department of Maternity






## Institutional Review Committee



## Department of Medicine



Department of Central Lab

